**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date:31.03.2024**

## Sikkim Political activities

सिक्किमको एकमात्र लोकसभा सीट र राज्य विधानसभाका 32 सीटका लागि एकसाथ हुने चुनावका निम्ति सिक्किममा राजनीतिक गतिविधिहरू तीव्र भइरहेका छन्। पहिलो चरणमा आगामी महिना 19 तारिख निर्वाचन हुने तय गरिएको छ। सत्तारुढ SKM, BJP, SDF, CAP र कांग्रेस यस चुनावी लडाइँमा मुख्य राजनीतिक दलहरू हुन्। लोकसभा सिटका लागि भाजपाका दिनेश चन्द्र नेपाल, कांग्रेसका गोपाल क्षेत्री, एस.के.एम.का इन्द्रहाङ सुब्बा, एस.डी.एफ-का पी.डी राई, क्यापका भरत बस्नेत, सिक्किम रिपब्लिकन पार्टीका खर्गा बहादुर राई र 8 स्वतन्त्र उम्मेदवारसहित कुल 14 जना उम्मेदवार चुनावी मैदानमा छन्। त्यसै गरी, कुल 32 विधानसभा सिटका लागि विभिन्न राजनीतिक दलका उम्मेदवार र स्वतन्त्र उम्मेद्वार गरी कुल 146 उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्। सत्तारुढ एस.के.एम र एस.डी.एफ.-ले 32 वटै सिटमा आफ्ना उम्मेदवार खडा गरेका छन् भने, भाजपाले 31 सिटमा, क्यापले 30 सिटमा र कांग्रेसले 18 सिटमा उम्मेदवार खडा गरेका छन्। एस.के.एम.-बाट मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ र विधानसभा अध्यक्ष श्री अरुण कुमार उप्रेती, एस.डी.एफ-बाट पूर्व मुख्यमन्त्री श्री पवन कुमार चामलिङ र फुटबल खेलाडी श्री भाइचुङ भोटिया, बीजेपी प्रदेश एकाइका अध्यक्ष श्री डी.आर थापा र क्यापबाट श्री गणेशकुमार राई प्रमुख उम्मेदवार हुन्।

### Gangtok District-Expenditure Observers

गान्तोक जिल्लाका व्यय पर्यवेक्षकहरूले आज जिल्ला प्रशानिक केन्द्र गान्तोकमा बैठक गरे। बैठकमा जिल्लापाल एवं जिल्ला निर्वाचन अधिकारी श्री तुषार निखारे उपस्थित हुनुहुन्थ्यो। व्यय पर्यवेक्षकहरूले भारतीय निर्वाचन आयोगका दिशानिर्देशलाई प्रकाश पार्दै, विधानसभा चुनावका लागि प्रचार-प्रसार खर्च प्रति उम्मेदवार 28 लाख र संसदीय चुनावका लागि प्रति उम्मेद्वार 75 लाखको सीमा हुनुपर्नेमा जोड दिए। साथै, सम्बन्धित दलका उम्मेदवारहरूले खर्च दर्ता र बिल बुक राख्ने जिम्मेवार व्यय एजेन्ट नियुक्त गर्नुपर्ने बताइएको छ। लेखा सामञ्जस्यता क्रमशः अप्रेल 4, 10 र 16 तारिख गरिने तय भएको जानकारी पनि दिइएको छ। त्यसै गरी, व्यय पर्यवेक्षकहरूले राजनीतिक प्रचार-प्रसारका लागि प्रयोग हुने सवारी साधनको राम्ररी अनुगमन गर्नुपर्ने कुरामा जोड दिए ताकि आम जनतालाई असुविधा नहोस्। सबै उम्मेदवारले आदर्श आचारसंहिता पालना गर्नुपर्नेमा पनि जोड दिइयो अनि कुनै पनि जिज्ञासा वा जानकारीका लागि व्यय पर्यवेक्षकहरूसँग सम्पर्क गर्न सकिने जानकारी गराइएको छ। व्यक्तिविशेषले पर्यवेक्षकहरूलाई VIP कालोनीस्थित सर्किट हाउसमा व्यक्तिगत रूपमा भेट्न सक्नेछ।

### Expenditure Observers-Excise Department

साथै, गान्तोक जिल्लाका व्यय पर्यवेक्षकहरूले हिजो सिक्किम आबकारी विभागको भ्रमण गरी राज्य आबकारी आयुक्त सुश्री बिनिता क्षेत्रीसँग भेट गरे। भ्रमणको क्रममा, व्यय पर्यवेक्षकहरूले राज्यभित्र मदिरा वितरणपको अनुगमन गर्न राज्य आबकारी विभागको तयारीबारे छलफल गरे ताकि कुनै अनियमितता र चुनावसम्बन्धी प्रलोभन रोक्ने प्रयासहरू सुनिश्चित गर्न सकियोस्।

### EO-Namchi

नाम्चीका व्यय पर्यवेक्षक श्री आशिषकुमार शुक्लाले आज नाम्ची टाउन हलमा उम्मेदवारहरूको चुनावी खर्चबारे व्यय एजेन्टहरूसँग बैठक गर्नुभयो। बैठकमा व्यय अनुगमन नोडल अधिकारी श्री सुनिल शर्मा पनि उपस्थित हुनुहुन्थ्यो। बैठकको क्रममा व्यय अधिकारीले एजेन्टहरूलाई भारतीय निर्वाचन आयोगको दिशानिर्देश अनुसार निर्वाचन खर्च अनुगमनको प्रक्रियाका विभिन्न पक्षबारे जानकारी गराउनुभयो। साथै, उहाँले एजेन्टहरूका गुनासोहरू पनि सुन्नुभयो र उनीहरूको सुविधाका लागि जिल्ला निर्वाचन अधिकारीले आवश्यक पाइला चाल्ने आश्वासन दिनुभयो।

### Delhi-Pakyong flight

पाकिम विमानस्थलको एक्लो विमान सञ्चालक स्पाइसजेटले आजदेखि पाकिम विमानस्थलमा आफ्नो उडानको पुनः सञ्चालन थालेको छ। विमानस्थाल निर्देशकले दिएको जानकारीअनुसार, आज विमान दिल्लीबाट 45 यात्रु लिएर करिब 12 बजे पाकिम आइपुग्यो भने 65 यात्रु लिएर दिउँसो 1.10 मा पाकिमबाट दिल्ली प्रस्थान गऱ्यो। राज्य बाढीबाट प्रभावित भएपछि स्पाइसजेटले गत वर्ष अक्टोबर 4 देखि पाकिम विमानस्थलमा उडान सञ्चालन स्थगित गरेको थियो। अहिले, लगभग छ महिनापछि, स्पाइसजेटले आफ्नो 78 सिटर विमान पुन: सुरु गरेको छ। कोलकाता-पाकिम उडानहरू चाँडै नै सुचारु हुने अपेक्षा गरिएको, निर्देशकले थप बताए। दिल्ली-पाकिम उडान सोमबार र शुक्रबारबाहेक हप्तामा पाँच दिन सञ्चालन हुने जानकारी दिइएको छ।